राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९६ | २०८२ चैत १७ गते मंगलवार | (Tuesday, 31 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## मधेश प्रदेशमा गृहमन्त्रीको एक्सन : खाली गराए फुटपाथ



द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र १६ गते ।*

मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले आफै नेतृत्व गरी दुई दिन लगाएर जनकपुरधामको शिवचोकस्थित गंगासगारको पश्चिमतर्फ रहेको फुटपाथ बजार डोजर लगाएर खाली गराएका हुन् ।

वर्षौंदेखि अस्थायी संरचना राखेर फुटपाथमा बजार लगाउने गरिएको थियो । त्यसले गंगासागरको पश्चिमतर्फको भागको सौन्दर्यीकरण समेत छोपेको थियो ।

गृहमन्त्री महतोले आफै अगुवाइ गरी नेपाल प्रहरी र नगर प्रहरीको सहयोग लिएर डोजरले फुटपाथ खाली गराएका छन् ।

आइतबारदेखि केही मात्रै भत्काएपछि बाँकीले सोमबार बिहान ११ बजेसम्मको अल्टिमेटम दिइएको थियो । तर, अटेर गरेपछि सोमबार पुनः डोजर चलाइएको छ ।

फुटपाथ व्यवसायीहरूले भने आफ्नो जीविकोपार्जनका लागि वैकल्पिक व्यवस्था हुनुपर्ने माग गरेका छन् । यस्तै उनीहरूले आफ्नो मात्र नभई सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका ठूला भवन र होटेलमा पनि डोजर चलाउन चुनौती दिएका छन् ।

मधेस प्रदेशसभा

## संशोधन विधेयक सरकारले लियो फिर्ता

राजा झा

*जनकपुरधाम, चैत्र १६ गते ।*

मधेस प्रदेश सरकारले बहुमत सदस्यलाई बेवास्ता गर्दै गाउँसभा/नगरसभा/जिल्लासभा गर्न कानुन संशोधन गर्न गर्न ल्याएको संशोधन विधेयक फिर्ता लिएको छ ।

सोमबार बसेको प्रदेशसभा बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले उक्त संशोधन विधेयक फिर्ता लिएका हुन् ।

गाउँसभा/नगरसभा/जिल्लासभाको कार्य संचालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल सुरु भएकोमा प्रदेशसभा सदस्यहरुले विरोध जनाएपछि मुख्यमन्त्री यादवले उक्त विधेयक फिर्ता लिएका हुन् ।

सोमवारको छलफलमा जनता समाजवादी पार्टी (जसपा) नेपालकी किरण साह, लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य उपेन्द्र महतो, राजेन्द्र प्रसाद चौधरी, संजयकुमार यादवले जनमतको कदर गर्दै उक्त विधेयक फिर्ता लिन आग्रह गरेपछि प्रदेश सरकारले फिर्ता लिएको हो ।



जनमत पार्टी नेतृत्वको सतिशकुमार सिंहको सरकारले गाउँसभा/नगरसभा/जिल्लासभाको कार्य संचालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ मा सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन भन्ने व्यवस्थालाई हटाउन संशोधन प्रस्ताव ल्याएका थिए ।


उक्त संशोधन विधेयकमा बैठकमा कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मान्ने गरी कानुन संशोधन गर्न विधेयक ल्याएको थियो ।

उक्त संशोधन विधेयकमा दफा ५ को उपदफा (१) अनुसार सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको लागि गणपुरक संख्या पुगेको मान्ने भनेको थियो । सोही दफाको उपदफा (२) को (१) बमोजिम गणपुरक संख्या नपुगेमा अध्यक्षले पाँच दिनभित्र अर्को बैठकको लागि सूचना गर्नुपर्ने र दफा ५ को उपदफा (३) को (२) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मानिने उल्लेख थियो ।

दफा ५ को उपदफा (४) को (३) बमोजिम बैठकमा गणपुरक संख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र पुनः अर्को बैठकको लागि सूचना गर्नुपर्ने र सोही दफाको उपदफा (५) को (४) बमोजिमको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको २५ प्रतिशत सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या पुगेको मानिने गरी संशोधन विधेयक ल्याएको थियो ।

आजको कार्यसूचीमा उक्त संशोधन विधेयक निर्णयार्थ प्रस्तुत गर्नुपर्ने रहेकोमा सभामुख रामअशिष यादवले मुख्यमन्त्री यादवले संशोधन विधेयक फिर्ता लिएकाले निर्णयार्थ प्रस्तुत गर्नुनपर्ने सदनलाई जानकारी गराए ।



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

### बालेनको नेतृत्व र चुनौती

नेपालको समकालीन राजनीतिमा अप्रत्याशित मोड ल्याउँदै बालेन्द्र शाह (बालेन्) को प्रधानमन्त्री पदमा उक्लिनु केवल व्यक्तिगत सफलता होइन, जनआकाँक्षाको विस्फोट हो । परम्परागत दलहरुप्रति बढ्दो निराशा, आक्रोश र असन्तुष्टिले नागरिकलाई वैकल्पिक नेतृत्वको खोजीमा धकेलिरहेको बेला बालेनको उदय त्यसैको परिणाम हो । अब यो केवल 'क्रेज'को राजनीति होइन, परीक्षणको समय हो । बालेन नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झण्डै दुईतिहाइ शक्ति हासिल गर्नु आफैंमा ऐतिहासिक अवसर हो । यस्तो शक्तिशाली जनादेशले सरकारलाई निर्णय लिन सक्षम बनाउँछ,तर संगै जवाफदेही हुनुको भार पनि उत्तिकै बढाउँछ । जनताले दिएको भरोसा केवल परिवर्तनको नारामा सीमित रहनुहुँदैन, यसलाई परिणाममा रुपान्तरण गर्नैपर्छ ।

आजको नेपाल आर्थिक संकट, बेरोजगारी, महँगी, कमजोर सेवा प्रवाह र भ्रष्टाचारजस्ता समस्याले थलिएको छ । त्यसमाथि भूराजनीतिक दबाब, विशेषत: दुई ठूला छिमेकीबीचको सन्तुलन सरकारका लागि चुनौतीपूर्ण छ । यस्तो अवस्थामा बालेन नेतृत्वको भावनात्मक भाषणभन्दा बढी व्यवहारिक, सन्तुलित र दूरदर्शी नीति प्रस्तुत गर्नुपर्छ । यसका लागि पहिलो आवश्यकता पारदर्शी र उत्तरदायी शासन हो । सार्वजनिक सेवाको प्रयोगमा स्पष्टता, निर्णय प्रक्रियामा खुलापन र नागरिकलाई प्रत्यक्ष रुपमा जवाफ दिने संस्कार विकास गर्नु जरुरी छ । प्रविधिको अधिकतम प्रयोग गर्दै 'डिजिटल गभर्नेन्स'लाई प्राथमिकता दिन सके सेवा प्रवाहमा सुधार ल्याउन सकिन्छ । दोस्रो, प्रशासनिक संयन्त्रको पुनर्संरचना अनिवार्य छ । कर्मचारीतन्त्रमा देखिएको ढिलासुस्ती, अनियमितता र राजनीतिक हस्तक्षेपलाई नियन्त्रण नगरी कुनै पनि सुधार सम्भव हुँदैन । योग्यता आधारित नियुक्ति,कार्यसम्पादन मूल्याँकन र दण्डपुरस्कार प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ ।

तेस्रो, आर्थिक पुनरुत्थानमा केन्द्रित नीतिहरु आवश्यक छन् । कृषि, पर्यटन, ऊर्जा र साना-मझौला उद्योगलाई प्राथमिकतामा राख्दै रोजगारी सिर्जना गर्न सकिन्छ । वैदेशिक लगानी आकर्षित गर्ने वातावरण बनाउनुका साथै स्वदेशमै उद्यमशीलता प्रवर्द्धन गर्नु अपरिहार्य छ । चौथो, भूराजनीतिक सन्तुलनमा परिपक्वता आवश्यक छ। राष्ट्रिय हितलाई केन्द्रमा राख्दै छिमेकी र अन्तर ाष्ट्रिय साझेदारहरुसंग सन्तुलित सम्बन्ध कायम गर्नु बालेन सरकारको कूटनीतिक परीक्षा हुनेछ ।

तर यी सबैभन्दा माथि नेतृत्वको चरित्र महत्वपूर्ण हुन्छ। जनताको अपेक्षा आकासिएको छ। यदि ती अपेक्षालाई सम्बोधन गर्न सकिएन भने अहिलेको समर्थन नै भोलिको असन्तुष्टिमा रुपान्तरित हुन सक्छ । त्यसैले, बालेनका लागि यो अवसर 'इतिहास बनाउने' वा 'अवसर गुमाउने' दुईमध्ये एक रोज्ने क्षण हो । जनताको भरोसा, शक्तिशाली जनादेश र नयाँ सोच, यी सबैको सही संयोजन गर्न सके नेपालले साँच्चिकै नयाँ दिशा पाउन सक्छ । होइन भने, यो पनि अर्को अधुरो आशाको कथा बन्नेछ ।

## राशिफल

मेष - काम प्रारम्भ हुनेछ ।
वृष - रोकिएका काम बन्नेछन् ।
मिथुन - त्याग्नुपर्ने हुन सक्छ ।
कर्कट - अवसर प्राप्त हुनेछ ।
सिंह - भोजनको आनन्द पाइएला ।
कन्या - सुधार्ने मौका पाइनेछ ।
तुला - सम्झौता गर्ने समय छ ।
वृश्चिक - काम अधुरो रहनेछ ।
धनु - सेवामूलक काम बन्नेछ ।
मकर - हतार नगर्नुहोला ।
कुम्भ - लाभ नहुन सक्छ ।
मिन - केही लाभ हुनेछ ।

# प्रधानमन्त्री कार्यालय शक्तिशाली बनाइँदै




■ रघुनाथ बजगाईं

सरकारले शासकीय सुधारका लागि शनिबार १०० वटा कार्यसूची सार्वजनिक गरेको छ। यो कार्यसूची कार्यान्वयन भए प्रधानमन्त्रीमा थप शक्ति केन्द्रित हुनेछ ।

१०० कार्यसूचीमध्ये १३ वटा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको क्षेत्राधिकारसँग सम्बन्धित छन्। जसअन्तर्गत पुराना संरचनाहरू खारेज गर्ने र नयाँ संरचना बनाउने योजना एकसाथ अघि सारिएको छ । संविधान संशोधन बहसको नेतृत्वदेखि भ्रष्टाचार नियन्त्रण, सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन जस्ता महत्वपूर्ण राजनीतिक र प्रशासनिक विषय प्रधानमन्त्री मातहत सञ्चालन हुनेछन् ।

कार्ययोजना कार्यान्वयन हुँदा सरकारको नीति निर्माण, कार्यान्वयन, निगरानी र सुधार सबैतिर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका थप विस्तार हुनेछ ।

कार्यसूचीको बुँदा नम्बर ९ मा मन्त्रालयको संख्या आवश्यकताभन्दा ठूलो भएकाले चालु खर्च बढेको निष्कर्ष छ । यो समस्यालाई समाधान गर्न ३० दिन भित्र मन्त्रालयको संख्या घटाउने निर्णयसहित मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गरी संघीय मन्त्रालयको संख्या १७ कायम गरिने छ ।

मन्त्रालयको संख्या पुनरावलोकनपछि कायम रहेका दरबन्दी व्यवस्थापन गर्दा सेवा प्रवाहलाई असर नपर्ने गरी कार्य गरिने छ । यसका लागि आवश्यक संक्रमण मार्गचित्र तयार गर्न, जनशक्ति, बजेट तथा कार्यक्रम लगायतका प्रबन्ध मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा 'पुनर्संरचना व्यवस्थापन सचिवालय' गठन गरिने छ ।

बुँदा नम्बर ११ मा अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाहरूको समग्र मूल्यांकन गरी खारेज गर्ने विषय छ ।

संरचनाहरूको एकीकरण वा पुनर्संरचना गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू रहेको एक उच्चस्तरीय कार्यदल गठन गरिने छ। कार्यदललाई एक महिना भित्र स्पष्ट सिफारिस सहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिने भनिएको छ ।

अर्थात्, नयाँ सरकारले सरकारी संरचनालाई सानो बनाउने र निर्णय प्रक्रियामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहभागिता अनिवार्य बनाइँदै छ । यसले प्रधानमन्त्रीलाई स्वतः थप बलियो बनाउने छ ।

**ट्र्याकमा मन्त्रालय**

कार्यसूचीको बुँदा नम्बर २ मा सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन नतिजामा आधारित शासकीय प्रबन्ध (डेलिभरी बेस गर्भनेन्स) लागु गर्ने भनिएको छ ।

यसअन्तर्गत प्रत्येक मन्त्रालयले ७ दिन भित्र गर्ने प्रमुख १० काम तयार पार्नुपर्ने हुन्छ । ती कार्यको समयसीमा, कार्यान्वयनमा संलग्न हुने जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरेर प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने हुन्छ । त्यसको मासिक प्रगति प्रधानमन्त्री कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ।

'यी कार्यहरूको मासिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने व्यवस्था मिलाई उक्त कार्यालयमार्फत नियमित अनुगमन, मूल्यांकन तथा सार्वजनिक रिपोर्टिङ सुनिश्चित गर्ने' कार्यसूचीमा उल्लेख छ ।

अर्थात्, मन्त्रालयहरूको कामको निगरानी प्रधानमन्त्री कार्यालयमार्फत हुनेछ । यसले प्रधानमन्त्री कार्यालयलाई कार्यसम्पादन नियन्त्रकका रूपमा थप शक्ति प्रदान गर्नेछ ।

मन्त्रालयहरूको काम मापन गर्न, परियोजनाको प्रगति ट्र्याक गर्न र समस्या देखिए तत्काल समाधान गर्न प्रधानमन्त्री कार्यालयमा छुट्टै संरचना खडा गरिँदै छ । यससम्बन्धी व्यवस्था कार्यसूचीको बुँदा नम्बर ६४ मा छ ।

जहाँ भनिएको छ, 'देशको लगानी, उत्पादन, निर्यात, उत्पादकत्व तथा विकास वित्त प्रणालीलाई एकीकृत, प्रभावकारी तथा परिणाममुखी बनाउने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत 'प्रधानमन्त्री कार्यसम्पादन एकाइ' तत्काल स्थापना गर्ने ।'

कार्यसूचीअनुसार काम भए 'प्रधानमन्त्री कार्यसम्पादन एकाइ'ले राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूका लागि मुख्य कार्यसम्पादन सूचक, मन्त्रालयगत कार्यसम्पादन ट्र्याकिङ, समस्या तथा अवरोध समाधान संयन्त्रसहितको केन्द्रीय ड्यासबोर्ड सञ्चालन गर्नेछ ।

यस्तो अभ्यास छिमेकी मुलुक भारत, बेलायत र केही दक्षिणपूर्वी एसियाली देशहरूले अपनाएका छन् । ती देशहरूले अभ्यास गरेको 'डेलिभरी युनिट' मोडेलसँग मिल्दोजुल्दो हुने गरी नेपालमा पनि 'प्रधानमन्त्री कार्यसम्पादन एकाइ' स्थापना गर्न लागिएको हो ।

अर्थात्, १०० बुँदे कार्यसूची कार्यान्वयन हुँदा प्रधानमन्त्रीलाई हरेक मन्त्रालयको काममा संलग्न गराउँछ । निश्चित मन्त्रालयले मन्त्रालयस्तरमा गर्ने काममा समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संलग्न हुनेछ भने त्यसको रिपोर्टिङ प्रधानमन्त्रीले लिनेछन् ।

कार्यसूचीको बुँदा नम्बर ४९ मा विकास आयोजनाहरूको व्यवस्थापनको विषय छ । जसअन्तर्गत लामो समयदेखि अलपत्र परेका, रुग्ण अवस्थामा रहेका तथा समयमा सम्पन्न हुन नसकेका आयोजनाहरूको पुनरावलोकन गरी बजेट व्यवस्था गर्ने विषय छ । यसमा पनि प्रधानमन्त्रीको संलग्नता रहने छ ।

जग्गा अधिग्रहण, वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) स्वीकृति, ठेक्का तोड्ने लगायतका प्रक्रिया सरल बनाउने, रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानीमा भइरहने समस्या समाधान गर्न ३० दिन भित्र अध्ययन टोली गठन गर्ने योजना कार्यसूचीमा छ । उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाको बारेमा सिफारिस गर्नेछ ।

'कुनै आयोजनाहरूको निर्माण तथा सञ्चालनका लागि अन्तरनिकाय समन्वय गर्नुपर्ने भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तत्काल समन्वय र सहजीकरण गर्ने' कार्यसूचीमा उल्लेख छ ।

यसका साथै, राष्ट्रिय गौरवका तथा ठूला रणनीतिक आयोजनाहरूको कार्यान्वयनलाई शीघ्र बनाउने भनिएको छ । यसलाई समयबद्ध तथा गुणस्तरीय बनाउन जग्गा प्राप्ति, मुआब्जा निर्धारण, रुख कटान तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृतिसम्बन्धी प्रक्रियाहरूलाई फास्ट ट्र्याक मेकानिजमअन्तर्गत सञ्चालन गरिने छ ।

यस कार्यमा प्रधानमन्त्रीको प्रत्यक्ष संलग्नता रहने छ । जहाँ भनिएको छ, 'सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी एकीकृत र स्वचालित स्वीकृति प्रणाली लागु गर्न, अनावश्यक ढिलासुस्ती तथा दोहोरो प्रक्रियाहरू हटाउन, स्पष्ट समयसीमा तोकी कार्यान्वयन गर्न तथा आयोजना कार्यान्वयनमा देखिने अवरोधहरू समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रत्यक्ष अनुगमन तथा सहजीकरण गर्ने ।'

**डिजिटल शासनमा पीएमओ**

डिजिटलसम्बन्धी सबै संरचनाहरू प्रधानमन्त्री कार्यालय मातहत ल्याइँदैछ। हाल रहेको सूचना प्रविधि विभाग खारेज गरी प्रधानमन्त्री कार्यालयअन्तर्गत नयाँ 'सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय' स्थापना गरिँदै छ ।

यस्तो योजना कार्यसूचीको बुँदा नम्बर ३९ मा छ । जहाँ भनिएको छ, 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय मातहत रहने गरी सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्ने कार्य तीन महिना भित्र सम्पन्न गर्ने, हालको सूचना प्रविधि विभाग खारेज गर्ने तथा सूचना प्रविधिसम्बन्धी सबै सार्वजनिक निकायहरूलाई यस कार्यालयअन्तर्गत सञ्चालन गर्ने व्यवस्था मिलाउने ।'

नयाँ संरचनामार्फत नेपालको सूचना प्रविधि तथा विद्युतीय शासन प्रणालीमा विद्यमान खण्डीकृत संरचना, अन्तरआवद्धताको अभाव, मापदण्ड तथा संस्थागत समन्वयको कमजोरी केलाइने छ । दक्ष जनशक्ति र प्राविधिक क्षमताको कमी तथा सेवा प्रवाहमा

*– बाँकी पृष्ठ ३ मा*

# लहानमा आधुनिक 'ब्लड बैंक' स्थापना हुने

**राष्ट्रिय समाचार समिति**

*सिरहा, चैत्र १६ गते ।*

सिरहाको लहान नगरपालिकामा आधुनिक 'प्रमेश्वर-आत्माराम मुरारका ब्लड बैंक' निर्माण हुने भएको छ । रगतको अभावमा बिरामीले भोग्नु परिरहेको सास्तीलाई दृष्टिगत गर्दै लहान नगरपालिका, लायन्स क्लब र स्थानीय दाताका परिवारबीच सोमबार त्रिपक्षीय समन्वयमा यो परियोजना अघि बढाइएको हो ।

ब्लड बैंक स्थापनाका लागि लहान नगरपालिका र लायन्स क्लबबीच औपचारिक सम्झौता भएको छ । यसका लागि लहान-१० स्थित निर्माणाधीन नगर अस्पतालसँगै जोडिएको तीन कट्ठा जग्गा उपलब्ध गराउने सहमति भएको हो । भौतिक संरचना निर्माणका लागि लहानका प्रतिष्ठित उद्योगपति एवं समाजसेवी मुरारका परिवारले ४० लाख सहयोग गर्नुहुने भएको छ भने उक्त भवनको नाम स्वर्गीय प्रमेश्वर मुरारका र आत्माराम मुरारकाको स्मृतिमा राखिनेछ ।

यसैगरी, लायन्स क्लबले ब्लड बैंकका लागि आवश्यक पर्ने एक करोड ५० लाखभन्दा बढी मूल्यका अत्याधुनिक प्राविधिक उपकरणहरू उपलब्ध गराउने सम्झौतामा उल्लेख छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले ब्लड बैंकको स्थापना यस क्षेत्रको स्वास्थ्य उपचारमा एउटा ठूलो उपलब्धि हुने बताए । "लहान आसपासका सय किलोमिटर क्षेत्रसम्म भरपर्दो ब्लड बैंक नहुँदा आकस्मिक उपचारमा ठूलो समस्या थियो", उनले भने, "हाम्रो प्राथमिकता नागरिकको स्वास्थ्य हो र यो ब्लड बैंकको स्थापनाले आपतकालीन अवस्थामा रगत खोज्दै भौतारिनुपर्ने समस्यालाई जरैदेखि समाधान गर्नेछ ।"

# पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आश्य सम्बन्धि सूचना


*प्रकाशित मिति : २०८२/१२/१७*

**मिति २०८२/११/०५ गतेमा प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सार्वजनिक सुचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन् आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र दाता स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद एन,२०६३को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।**

**तपशिल :**

| S.No. | Contract No: | Description of Work: | Name of the Bidder. | Bid Amount (with Vatand PS) |
|---|---|---|---|---|
| 1. | Pipra/NCB/ Goods/ 82-83/01 | Khanepani pipe kharid tatha bitran | Raj and Riwaj Suppliers pvt.ltd, gongabu, kathmandu, Nepal. | Nrs. 4522698.28/- |

*प्रमुख प्रशासकीय अधिकृत*



सम्सी गाउँपालिका
सम्सी, महोत्तरी

# प्रधानमन्त्री कार्यालय शक्तिशाली...

देखिएको अप्रभावकारिता समाधान गरी एकीकृत, सुरक्षित, दक्ष र परिणाममुखी डिजिटल शासन प्रणाली स्थापना गरिने छ ।

कार्यसूचीमो बुँदा नम्बर ३३ अनुसार नागरिकको डिजिटल विवरणमा प्रधानमन्त्री कार्यालयको पहुँच रहने छ ।

जहाँ भनिएको छ, 'डिजिटल सिग्नेचर हाल सर्टिफिकेटको माध्यमबाट हुने गरेकोमा एनआईडी कार्ड, बायोमेट्रिक वा ओटीपीको प्रयोग गरी ई-सिग्नेचर गरी नागरिकले आफ्नो विवरण बुझाउन सक्ने व्यवस्था गर्ने ।'

यसको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको भौतिक तथा सांगठनिक सुदृढीकरण गर्ने भनिएको छ । यसमै थप भनिएको छ, 'राष्ट्रिय परिचयपत्र (एनआईडी) नम्बरलाई आधार बनाई नागरिकका सबै सेवाहरूमा डिजिटल हस्ताक्षरद्वारा प्रमाणीकरण प्रणाली लागु गर्न गृह मन्त्रालयको संयोजकत्वमा अध्ययन गरी एक महिना भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन दिने ।'

अर्थात्, डिजिटल सेवा, डेटा व्यवस्थापन र नागरिक सेवाको नियन्त्रणमा प्रधानमन्त्री कार्यालय संलग्न हुनेछ ।

**प्रधानमन्त्री मातहत सम्पत्ति छानबिन**

सरकारको १०० बुँदे कार्यसूचीअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत 'अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन' गरिँदैछ । जबकि, भ्रष्टाचार र अख्तियार दुरुपयोगसँग सम्बन्धित विषयमा अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ । यो विभागले अवैध रूपमा आर्जित सम्पत्तिसम्बन्धी कसुरहरूको अनुसन्धान र तहकिकात गर्छ । अ ि ख त या र स ि ह त का संरचनाभन्दा अलग्गै र सम्बन्धित मन्त्रालयहरूभन्दा माथि प्रधानमन्त्री मातहत सम्पत्ति छानबिन समिति गठन गर्न लागिएको हो ।

कार्यसूचीको बुँदा नम्बर ४३ मा यससम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहिनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने गरी १५ दिन भित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने ।'

यो समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिहरू रहने छन् । यसको लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गर्ने भनिएको छ ।

नेपालमा लामो समयदेखि सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्ने माग हुँदै आएको छ । यस्तो मागलाई राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा समावेश गर्ने गरेका छन् । रास्वपाले पनि यस्तो वाचा गरेको थियो ।

चुनावी वाचाअनुसार अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्न लागिएको सरकारी अधिकारीहरू बताउँछन् । कार्ययोजनाअनुसार पहिलो चरणमा २०६२/६३ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको संकलन, प्रमाणीकरण तथा छानबिन हुनेछ । दोस्रो चरणमा २०४८ देखि २०६१/६२ सालसम्मको अवधिमा सार्वजनिक पद धारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति छानबिन हुनेछ ।

छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने विषय पनि समावेश छ ।

अर्थात्, यो समिति सक्रिय भएसँगै पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, उच्चपदस्थ पूर्वकर्मचारी, संवैधानिक निकायका पूर्वपदाधिकारी सबैको सम्पत्ति छानबिनमा तानिने छ । समितिलाई केवल कागज जाँच्ने अधिकार मात्रै दिइएको छैन, विवरण संकलन गर्ने, प्रमाणीकरण गर्ने, वास्तविक स्रोत जाँच्ने र शंकास्पद सम्पत्तिबारे सिफारिस गर्ने अधिकार रहने छ । सरकारी अधिकारीहरू यसलाई सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको व्यवस्थित सम्पत्ति छानबिन भन्छन् । यसले सम्पत्ति विवरण औपचारिक रूपमा मात्र बुझाउने र वास्तविक सम्पत्ति लुकाउने प्रवृत्ति अन्त्य गर्ने सरकारको विश्वास छ ।

यसको नकारात्मक असर पनि पर्न सक्छ । सम्पत्ति छानबिनमा तानिएसँगै पुराना पार्टीका नेताहरू दबाबमा पर्न सक्छन् । यसले प्रधानमन्त्रीलाई अन्य दलहरूमाथि राजनीतिक दबाब सिर्जना गर्ने आधार दिन्छ ।

**विधायिकी काममा पनि सक्रिय**

नीति निर्माण, कार्यान्वयन, निगरानी, भ्रष्टाचार नियन्त्रणमा मात्रै होइन, राष्ट्रिय प्रतिबद्धता तयार गर्नेदेखि, संविधान संशोधनको नेतृत्व लिनेसम्मको अधिकार प्रधानमन्त्री कार्यालयमा केन्द्रित गरिँदै छ ।

कार्यसूचीको बुँदा नम्बर ३ मा निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्रबाट लागु गर्न सकिने कार्यक्रम छनोट गरेर 'राष्ट्रिय प्रतिबद्धता' तयार पार्ने भनिएको छ ।

जहाँ भनिएको छ, 'नेपालको संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा निर्वाचनमार्फत व्यक्त जनादेशलाई संस्थागत रूपले कार्यान्वयन गर्न निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतापत्रहरूमा समावेश कार्यान्वयनयोग्य विषयहरूको संश्लेषण गरी 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने एवं त्यसमा नेपाल सरकारको साझा स्वामित्व स्थापित गर्ने ।'

यसलाई सरकारको नीति, कार्यक्रम र बजेटसँग जोड्ने व्यवस्था गरिँदै छ । अगाडि भनिएको छ, 'उक्त प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सुधार एजेन्डासँग आबद्ध गरी तत्कालैदेखि कार्यान्वयन गर्न तत्काल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत आवश्यक संरचना स्थापना गरी जिम्मेवारी दिने ।'

अर्थात्, अब सरकारको नीति केवल सत्तारुढ दलको घोषणापत्रमा आधारित हुने छैन, बरु बहुदलीय सहमतिका कार्यक्रमलाई राज्य नीतिमा रूपान्तरण गर्ने प्रयास हुनेछ । यसको नेतृत्व प्रधानमन्त्री कार्यालयले गर्नेछ ।

यो योजना लागु भए सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटउपर संसद्मा हुने छलफल र अन्य संयन्त्रबाट दिइने सुझावको अर्थ हुने छैन । प्रधानमन्त्री कार्यालयले नै दलहरूको घोषणापत्र हेरेर निर्णय लिनेछ ।

१०० बुँदे कार्यसूचीअनुसार संविधान संशोधन बहसको नेतृत्व पनि प्रधानमन्त्री कार्यालयले आफैं लिनेछ ।

बुँदा नम्बर ४ मा भनिएको छ, 'देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ७ दिन भित्र 'संविधान संशोधन बहस पत्र' तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने ।'

अर्थात्, संविधान संशोधन जस्तो राजनीतिक विषयको बहसको नेतृत्व कुनै स्वतन्त्र आयोग वा निकायले गर्ने छैन । यसबारे संसद्मा बहस र संसद्मै आवश्यक संरचना बनाउनेतिर सरकार जाने छैन । प्रधानमन्त्री कार्यालय आफैंले 'संविधान संशोधन बहस पत्र' तयार गर्नेछ ।


खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौं जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# अझै सुरु भएन सुक्खा बन्दरगाह निर्माणको काम

**राष्ट्रिय समाचार समिति**

*जलेश्वर, १६ गते ।*

महोत्तरी सदरमुकाम जलेश्वर नगरपालिका-१ मा किराना पसल संचालन गर्दै आएका सरोज साह चार वर्षअघि आफ्नै जिल्लाको मूल भन्सार कार्यालयमा सुक्खा बन्दरगाह निर्माण हुने भएपछि हौसिएका थिए ।

ठूलो परिमाणमा भारत तथा तेस्रो मुलुकसँग व्यापार व्यवसाय गर्नका लागि आवश्यक सुविधा तथा व्यवस्था सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी आफ्नै जिल्लाको मूल भन्सारमा उपलब्ध हुने भन्दै उनी खुसी थिए । तर अहिलेसम्म पनि सो कार्यको सुरुवात नहुँदा साह निराश छन् ।

जलेश्वर-३ स्थित मलिवाडामा चार वर्षअघि नै सुक्खा बन्दरगाह निर्माण हुने भनिएको थियो । तर अझै सो कार्यको सुरुवात भएको छैन । नेपालको उत्तरी तथा दक्षिणी दुवै छिमेकी राष्ट्रबाट हुने अन्तरदेशीय तथा तेस्रो मुलुकबाट हुने व्यापारका लागि जलेश्वर-३ मलिवाडास्थित मुख्य भन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण प्रक्रिया सुरु हुन सकेको छैन ।

आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा सन् २०२७ सम्म योजना सम्पन्न गर्ने लक्ष्यसहित जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह संचालन गर्ने योजना ल्याइएको थियो । तर त्यस निर्माण कार्यको प्रक्रिया अझै अघि बढ्न नसक्दा महोत्तरीसहित यस भन्सारबाट नजिक रहेका अन्य जिल्लाका व्यवसायी पनि दुःखी एवं निराश भएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताए ।

उनका अनुसार छिमेकी राष्ट्र भारतको बिहार राज्यको सीतामढी जिल्लाको भिठ्ठामोड सहरमा भारतीय पक्षले जग्गा अधिग्रहण गरी पर्खाल र केही भौतिक संरचना पनि निर्माण गरिसकेको छ । तर नेपालतिर अहिले पनि सो निर्माण प्रक्रिया सर्वेक्षणमै सीमित रहेकोप्रति चिन्ता व्यक्त गरे ।

जलेश्वर भन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण अलपत्र परेको विषय महोत्तरीमा प्रत्येक निर्वाचनको बेला सबै उम्मेदवारको साझा मुद्दा बन्ने गरेको छ ।

जलेश्वर-३ मलिवाडामा सुक्खा बन्दरगाह निर्माणका लागि ६५ बिघा जग्गा उपलब्ध गराउने प्रयास भएको छ । यसका लागि इन्टर मोडेल यातायात विकास समितिले गत साउनमै तयार पारेको सर्वे रिपोर्ट उद्योग मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगेको बताइएको छ ।

जलेश्वर भन्सार महोत्तरी र धनुषाको प्रमुख नाका भएकाले व्यापारीले तेस्रो मुलुकसँगको व्यापार पनि यसै भन्सारबाट हुनुपर्ने माग गर्दै आएका छन् । भारतको राजधानी नयाँदिल्ली र व्यापारिक सहर कोलकाता यहाँबाट नजिक भएकाले जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण आवश्यक छ ।

जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण भई सञ्चालनमा आएपछि भारतसहित तेस्रो मुलुकसँगको आयात सहज हुने र यसै बन्दरगाहबाट यस क्षेत्र तथा पायक क्षेत्रको उत्पादन निर्यात गर्न पनि सरल एवं सहज हुने व्यापारी बताउँछन् ।

# ४३ करोडको रासायनिक मल बिक्री

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, चैत्र १६ गते ।*




नेपाल सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षको आठ महिनामा रु ४३ करोड ३८ लाख ८७ हजार २५४ बराबरको रासायनिक मल बिक्री वितरण गरेको छ ।

सो कार्यालयले सो अवधिमा १३ करोड ८७ लाख ६७ हजार ५८० बराबरको आठ हजार १५८ मेट्रिकटन युरिया, २९ करोड ७९ लाख सात हजार मूल्य बराबरको छ हजार ३२० मेट्रिकटन डिएपी तथा ४३ लाख २२ हजार ६७१ बरारको १८८ मेट्रिकटन पोटास बिक्री गरेको कार्यालय प्रमुख वेचनकुमार साहले जानकारी दिए । धनुषा तथा महोतरी जिल्ला गरी दुई जिल्लामा सो कार्यालयले किसानलाई सम्बन्धित पालिकाको सिफारिसमा रासायनिक मल वितरण गर्दै आएको छ । उक्त दुवै जिल्लाका २७ पालिकाहरूमा २१२ वटा आधिकारिक डिलरमार्फत उक्त रासायनिक मल बिक्री गर्दै आएको छ । हाल कार्यालयको गोदाममा एक हजार १९२ मेट्रिकटन युरिया, ८३८ मेटिकटन डिएपी मल तथा ३६१ मेट्रिकटन पोटास मौज्जदात रहेको कार्यालयद्वारा जारी तथ्याङ्कमा जनाइएको छ ।

हालको सिजनका लागि आवश्यक पर्ने रासायनिक मल गोदाममा मौज्जदात रहेको उनले भने । उनले पालिकाका किसानका लागि छुट्याइएको रासायनिक मल सम्बन्धित निकायले लिन नआएको प्रमुख साहको भनाइ छ ।

गत आर्थिक वर्षमा सो कार्यालयले ३५ करोड मूल्य बराबरको रासायनिक मल बिक्री वितरण गरेको थियो । धनुषा तथा महोतरीका सीमा क्षेत्रका किसानले भारतीय सीमाबाट रासायनिक मल खरीद गरी ल्याउने गरेको छ ।

# चार महिनादेखि कर्मचारीले तलब पाएनन्

**राष्ट्रिय समाचार समिति**

*सिरहा, चैत्र १६ गते ।*




सिरहाको लहान नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकहरूको विगत चार महिनादेखि तलब रोकिएको छ । तलब नपाउँदा उनीहरूको दैनिकी चलाउनै समस्या भएको गुनासो गर्न थालेका छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाका सम्पूर्ण खाता रोक्का गरिदिएपछि यो समस्या भएको हो । एक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद साहले भने, "मङ्सिरदेखि तलब भत्ता मात्र होइन, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदान रोकिएको छ । तलब नपाउँदा जीविका धान्न, बैंकको ऋणको ब्याज तिर्न समस्या भइरहेको छ ।"

नगरप्रमुख महेशप्रसाद चौधरीले खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृतको सरुवा विवाद र राजनीतिक पूर्वाग्रह भएको बताए । उनले भने, "यहाँका खाता रोक्का राख्नुपर्ने कुनै कारण छैन तर राजनीतिक पूर्वाग्रह र दबाबले विवाद खडा गराइएको छ । मन्त्रालयले चुनावपछि खाता खोलिदिने आश्वासन दिए पनि हालसम्म सुनुवाइ भएको छैन ।" उनले मन्त्रालयले चाँडै यो समस्या समाधान गरी विकास निर्माणलगायतका काम अगाडि बढाउन आग्रह गरे ।

मन्त्रालयले साबिकका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झालाई सरुवा गरी शिक्षातर्फको उपसचिव खिम भुजेललाई पठाउन खोजेको थियो । नगरपालिकाले भने प्रशासनतर्फको अनुभवी उपसचिव माग गरेको थियो । अर्कोतर्फ, अवकाश हुन छ महिना मात्र बाँकी रहेकाले सरुवा रोक्न माग गर्दै झाले प्रशासकीय अदालतमा मुद्दा दर्ता गरेका थिए । अदालतले गत फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले हालसम्म नगरपालिकाको खाता फुकुवा गरेको छैन ।

कर्मचारीहरूले आइतबार इलाका प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्यालय र मन्त्रालयमा ज्ञापन पत्र बुझाउँदै नयाँ वर्ष २०८३ र सिरुवा पर्वअघि नै तलब भुक्तानी नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६, ९८६८८२१२९८**

**पानीको स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।**

- खानेपानीको स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री